फोन.नं.- ०१ ४२००४७४

नेपाल सरकार

# संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्थानीय राजस्व परिचालन शाखा

सिंहदरबार, काठमाण्डौं

पत्र संख्या : ०७४/०७५

च. नं. : 02

मिति:२०७४/४/८

विषयः स्थानीय जिल्ला निकासी कर सम्बन्धमा ।

श्री जि.स.स. सवै ।

श्री स्थानीय तह सवै ।

कृषिजन्य, पशुजन्य, बनजन्य ब्यवसाय अन्तर्गतका जिल्ला निकासी करहरु कुनै जिल्ला समन्वय समितिले लिन नमानेको र राजमार्गमा पर्ने केही जिल्ला समन्वय समितिले अन्य जिल्लाको उत्पादनमा अनधिकृत रुपमा बाटोमा ढाड/तगारो हाली जिल्ला निकासी कर असुल गरेको भन्ने लिखित गुनासो प्राप्त भएको हुँदा निम्न बमोजिम गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

१. जिल्लामा उत्पादन हुने कृषिजन्य, पशुजन्य, बनजन्य ब्यवसाय अन्तर्गतको जिल्ला निकासी कर को ब्यवस्थापन सम्बन्धमा मन्त्रालयको च.नं. ४१ मितिः २०७४/१/२९ को परिपत्र अनुसार गर्नुहनु ।

२. नेपालको संबिधानको भाग- २० धारा- २३६ मा उल्लेख भएको **अन्तर प्रदेश ब्यापार** अन्तर्गत (यस संबिधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहवाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने बस्तुको ढुवानी वा सेवाको बिस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।) भन्ने संवैधानिक ब्यवस्था भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन ।

२०७४।४।८

(भीम बहादुर शाही)

शाखा अधिकृत

बोधार्थः श्री सूचना तथा विंधुतीय शासन शाखाः पत्र वेवपेजमा राखिदिनु हुन ।